सूचना एवम् जन सम्पर्क विभागको वेबसाइट
www.ipr.sikkim.gov.in

# सिक्किम हेरल्ड

Postal Regd. No: WB/SKM/01/13

वर्ष ५४ | गान्तोक, (शुक्रबार) २३ अप्रेल, २०२१ | अङ्क १४

## भिडियो सम्मेलनमा राज्यपालको सहभागीता




**गान्तोक**

राज्यपाल गंगाप्रसादले देशका उपराष्ट्रपति एम भेङकैया नायडूको अध्यक्षतामा १६ अप्रेलका दिन आयोजित भिडियो सम्मेलनमा भाग लिनुभयो। सो अवसरमा देशका विभिन्न राज्यमा बढ़िरहेको कोरोना संक्रमणको विषयलाई लिएर व्यापक चर्चा गरिएको थियो।

यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले सबै राज्यका राज्यपालहरूलाई अपील गर्नुहुंदैं राज्य सरकारसँगको समन्वयमा रहेर आफ्नो स्तरबाट समाजका विभिन्न वर्गमा संक्रमण रोक्नका लागि रचनात्मक पहल गर्ने आह्वान गर्नुभएको छ। भारतीय रेडक्रस सोसाइटी, विश्वविद्यालयहरू तथा समाजमा कोभिड १९ विरुद्ध काम गर्ने गैर सरकारी संगठनहरूको मनोबल बढ़ाएर उनीहरूको माध्यमद्वारा कोरोना रोकथामका लागि जागरुकता अभियान चलाउन अपील गर्नुभएको छ।

## गान्तोकमा लोक सेवा दिवस पालन



**गान्तोक।**

सिविल सर्विस एसोसिएशन अफ् सिक्किमले सिक्किम सरकारको कार्मिक विभागको समन्वयनमा गान्तोकस्थित मनन केन्द्रमा गत २१ अप्रेल २०२१–को दिन लोक सेवा दिवस पालन गरियो। मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको मुख्य आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा विधानसभा उपाध्यक्ष श्री साङ्गे लेप्चा, मन्त्रीमण्डल श्री कुङ्गा निमा लेप्चा, श्री एल.एन.शर्मा, श्री सोनाम लामा, श्री भीम हाङ लिम्बू, श्री बिएस पन्त, श्री एम.एन.शेर्पा, श्री अरुण उप्रेती, सल्लाहकरगण, अध्यक्षगण, मुख्य सचिव, प्रहरी अधिक्षक, गृह विभागका प्रमुख सचिव लगायत अन्य वरिष्ठ पदाधिकारीहरु अनि विगत दुईवर्षमा सेवानिवृत पूर्व सचिवहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थित सबैलाई स्वागत जनाउँनुहुँदै मुख्य सचिव श्री एससी गुप्ताले लोक सेवा दिवसको ऐतिहासिक महत्वमाथि प्रकाश पार्नुहुँदै १९४७–को यसै दिन प्रथम गृह मन्त्री सरदार वल्लबभाई पटेलले नवनियुक्त

*रहल पृष्ठ ४ मा......*

## दुई दिवसीय मत्स्यपालन मेलाको समापन

### *युवावर्गलाई मत्स्यपालन व्यवसायलाई जीविकोपार्जनको निम्ति उचित माध्यम बनाउन प्रोत्साहित गर्नु मेलाको उद्देश्य होः मुख्यमन्त्री*






**गान्तोक।**

सिक्किम सरकारको मत्स्यपालन निर्देशालय, पशुपालन तथा पशु चिकित्सा सेवा विभाग, सिक्किम सरकारद्वारा राष्ट्रिय मत्स्यपालन विकास बोर्ड, हाइदराबाद, भारत सरकारसितको सहयोगमा एमजी मार्गमा आयोजित दुई दिवसीय मत्स्यपालन मेलाको २१ अप्रेलका दिन समापन भयो। शुरू भएको २० अप्रेलदेखि शुरू भएको कार्यक्रमको उदघाटन राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङको बाहुलीद्वारा गरिएको थियो। यस मेलामा रेनबो ट्राउट, कार्प, ग्रास कार्प, अमुर कार्प अनि स्थानीय प्रजातिकासहित विभिन्न प्रजातिका माछाको राज्यभरिका मत्स्यपालकहरूले प्रदर्शनि गरेका थिए। यस अवसरमा कोभिड १९ सुरक्षा प्रोटोकललाई विशेष ध्यान दिइएको थियो।

मुख्यमन्त्री प्रेमसिंह तामाङले आफ्नो सम्बोधनमा यस मेलामा राज्यका युवा उद्यमीहरूले विभिन्न प्रजातिका माछाको प्रदर्शनी गरेको देख्दा आफू गर्वान्वित भएको कुरा बताउनुभयो। उहाँले अघि भन्नुभयो, यो मेला आयोजन गरिनुको प्रमुख उद्देश्य युवावर्गलाई मत्स्यपालन व्यवसायलाई जीविकोपार्जनको निम्ति एउटा उचित माध्यम बनाउन प्रोत्साहित गर्नु अनि राज्यमा मत्स्यपालनलाई विकसित गर्नु हो। राज्यमा स्ट्रिम वाटरको क्षमतालाई ध्यानमा राखेर उहाँले युवावर्गलाई आफ्नो परिसरमा पोण्ड फिस खेतीलाई अपनाउन प्रोत्साहित गर्नुभयो, जसबाट आयस्रोत सीर्जना गर्नमात्र नभएर बजारको मागलाई पनि पूरा गर्न सहयोग पुग्नेछ। राज्यमा मस्त्य खेती समुदायलाई बढाउन आगामी बजेटमा छुट्टै कोषको प्रावधान मिलाउने कुरा पनि मुख्यमन्त्रीले यस अवसरमा बताउनुभयो।

मुख्यमन्त्रीले आफ्नो सम्बोधनमा भन्नुभयो, वर्तमान अवस्था सिक्किम र देशको निम्ति मात्र नभएर सारा विश्वका सम्पूर्ण मानवजातिको निम्ति संकटको घडी हो। गत वर्षको मार्च महिनादेखि कोभिड १९–को महामारीबाट सारा विश्व नै ठप्प बनेको कुरा दोहोऱ्याउँनुहुंदै मुख्यमन्त्रीले सिक्किमवासीद्वारा सरकारलाई दिइएको सहयोगका साथै

*रहल पृष्ठ ३ मा.....*

# दुई दिवसीय कृषि एवं पशुधन मेलाको समापन




**याङगाङ।**

राङगाङ-याङगाङ क्षेत्रको पलिथाङमा आयोजित दुई दिवसीय कषि एवं पशुधन मेलाको १६ अप्रेलका दिन समापन भयो। कृषि, बागवानी तथा पशुपालन विभाग मन्त्री लोकनाथ शर्माको मुख्य आतिथ्यमा सम्पन्न समारोहमा क्षेत्र विधायक राजकुमारी थापा, विभिन्न विभागका सचिवगण लगायत वरिष्ठ अधिकारी एवं स्थानीय कृषकहरूको उपस्थिति थियो। कार्यक्रमको पहिलो चरणमा मन्त्री शर्माले कृषकहरूले लगाएका कृषि उत्पादनको बिक्री र प्रदर्शनीको अवलोकन गर्नुभयो।

मन्त्री शर्माले समारोहलाई सम्बोधन गर्दै भन्नुभयो, राज्य सरकारले समानुपातिक रूपमा विना पक्षपात सबैलाई सहुलियत प्रदान गर्दै जानेछ, तर त्यसका लागि लाभार्थीहरूको पनि उतिकै दायित्व र जिम्मेवारी हुनुपर्छ। तबमात्र सहुलियतको सही महत्त्व हुनेछ। उहाँले कृषि क्षेत्रमाछि जोड़ दिँदै भन्नुभयो, सरकारले ग्रामीण कृषकवर्गलाई प्रोत्साहित गर्दै प्रति लिटर आठ रुपियाँको दरले सरकार प्रोत्साहन राशी प्रदान गरिने भनि शुरू गरिएको पहलअन्तर्गत मुख्यमन्त्रीको बाहुलिद्वारा यो पहल शुरू गरिएको छ। मुख्यमन्त्रीले अलैंची, अदुवा, फापर, सुन्ताला आदिमा पनि बजार मूल्यमा अतिरिक्त राशी थप्ने घोषण गरिसकिएको छ। उहाँले विशेष सरकारी कर्मचारीहरूलाई अनुरोध गर्दै भनुभयो, कुनै पनि कार्यालयमा गाउँले नागरिकहरूले दुःख पाउनु हुदैन। सबैले आ-आफ्नो स्तरबाट जिम्मेवारी निभाउनसके काम गर्न सहज हुनेछ।

कृषकहरूलाई चाहिएको सबै सहयोग सरकारले प्रदान गर्नेछ, तर त्यसको सही रूपमा सदुपयोग गरी जीवन सफल बनाउनुपर्छ, मन्त्रीले भन्नुभयो। कृषि क्षेत्रमा ब्याङ्कबाट लिइएको ऋणलाई सदुपयोग गरेर मालिक बन्नुपर्छ, तबमात्र सरकारले पनि कृषकहरूमाथि राखेको सो भविष्यमा सफल हुनेछ। समारोहमा स्थानीय कृषकहरूलाई विभिन्न विभागबाट सहुलियत प्रदान गरियो।

# कोरियाली प्रतिनिधि टोलीद्वारा मुख्यमन्त्री अनि उद्योग मन्त्रसित भेट



**गान्तोक।**

कोरियाली कम्पनीहरूद्वारा सिक्किममा विभिन्न लगानी आवसरबारे चर्चा गर्न १६ अप्रेलका दिन ६ सदस्य कोरियाली प्रतिनिधि टोलीद्वारा सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङसित भेट गरियो। सो अवसरमा मुख्यमन्त्रीको साथमा पर्यटन तथा उद्योग विभाग मन्त्री बीएस पन्त अनि सिक्किम सरकारका वरिष्ठ अधिकारीहरूको उपस्थिति रहेको थियो।

कोरियाली प्रतिनिधिको भेटप्रति मुख्यमन्त्रीले प्रशन्नता व्यक्त गर्दै लगानी सहज बनाउन नीति निर्धारनसहित कोरियाली कम्पनीहरूबाट लगानीका निम्ति सबै प्रकारको सम्भावित सहयोग प्रदान गरिने प्रतिनिधि टोलीलाई आश्वासन दिनुभयो।

सिक्किम सरकारका मुख्य सचिव अनि अतिरिक्त मुख्य सचिव वित्त विभागले पनि उच्च शिक्षा, कृषि उत्पादन, मूल्य वर्धन तथा निर्यात, सेन्टर अफ् एक्सिलेन्सको सिर्जना, क्रयविक्रय सम्भावनाको प्रचार प्रसार, सिक्किममा माड़युक्त धानको उत्पादन लाभ अनि कोरियामा सिक्किमे टोलीको भ्रमण लगायत सिक्किममा लगानीका लागि सम्भावित क्षेत्र रहेको बताउनुभयो।

कोरियाली व्यापारिक एजेन्सी कोट्राले विशेष गरी सिक्किममा कोरियाली लगानीका लागि मानव संसाधन, लगानी अवसर तथा अघिल्लो पहल जस्ता स्थानीय अवस्थाको अवलोकन गर्न उक्त टोलीले प्रथमपल्ट सिक्किमको भ्रमण गरेको जानकारी गराइएको छ। कोरियाली प्रतिनिधि टोलीले सिक्किम अनि कोरियामाझ संस्कृति आदान प्रदान, सिक्किमसित भ्रमण प्याकेज विकास गर्न तथा कोरियामा सिक्किमका युवाहरूका निम्ति अध्ययन, अध्यापन तथा रोजगारका अवसरहरू, सिक्किममा कोरियाली विद्यार्थीहरूको अध्ययन, सिक्किमका शैक्षिक संस्थानहरूमा कोरियाली भाषाको अध्ययन साथै सिक्किममा खाद्य उद्योगको विकासमाथि जोड़ दिइएको छ। उक्त टोलीले कोरियाली लगानीकर्तालाई सिक्किमको परिचय दिन, ज्ञान आदान प्रदान, अनलाइन व्यापार, यातायात क्षेत्रमाथि पनि जोड़ दिएको छ। कोरियाली टोलीले सिक्किममा स्थानीय मानिसहरूलाई वितरण गर्नको निम्ति उच्च गुणस्तर कोरियाली एन ९१ मास्क अनि थर्मल स्क्यानर वितरण प्रदान गरेको छ।

यस अघि ६ सदस्य कोरियाली प्रतिनिधि टोलीद्वारा वाणिज्य एवं उद्योग अनि पर्यटन तथा नागरिक उड्डयन विभाग मन्त्री बीएस पन्तसित भेट गरियो। मन्त्री पन्तले सिक्किमबारे बताउँदै यहाँ कोरियाली कम्पनीहरूका लागि लगानीको उपलब्ध अवसरहरूबारे अवगत गराउनुभयो।

अतिरिक्त मुख्य सचिव पर्यटन तथा नागरिक उड्डयन विभाग डा. जय कुमार अनि वाणिज्य तथा उद्योग विभागका सचिव एचके शर्माले सिक्किममा लगानी अवसरहरूबारे जानकारी गराउनुभयो।

वाणिज्य तथा उद्योग विभागद्वारा लगानी अवसरमाथि प्रस्तुतिकरण दिइयो साथै जैविक कृषिमा स्वचलीकरण, सड़क सम्पर्कको सुधार, खाद्य प्रशोधन, आईटी, सहासिक पर्यटन, स्थानीय मानव शक्तिको तालिम, अटोमोबाइल उद्योग, स्वास्थ्य तथा खाद्य उद्योग आदि क्षेत्रमा कोरियन कम्पनीसित विशिष्ट परियोजनाका अवसरहरू रहेको बताइयो।

# सूचना एवं जनसम्पर्क विभागद्वारा जनचेतनामूलक माइकिङ

**गेजिङ।**

कोभिड १९-का लागि सप्ताहव्यापी जन आन्दोलन अभियान तथा राज्यमा टीका उत्सव प्रभावशाली बनाउन सूचना एवं जनसम्पर्क (आईपीआर) विभागले अन्तिम दिन जनचेतनामूलक माइकिङ गऱ्यो। १७ अप्रेलका दिन भएको अन्तिम दिनको माइकिङ नयाँ बजारबाट शुरू गरेर रेशी, ताकुथाङ, मंगलबारिया, आरूबोटे, खानीसिर्बुङ, छोटा साम्दोङ, च्याखुङ, जूम अनि सोरेङमा गरियो। माइकिङमा ४५ वर्ष अनि यस भन्दा माथिकाहरूका लागि सिक्किम सरकारद्वारा प्रदान गरिएको खोपको प्रथम डोज अनिवार्य रूपमा लगाउन आह्वान गरियो।

## गान्तोकमा लोक....

प्रशासनिक सेवा अधिकारीहरुलाई सम्बोधन गरेको उल्लेख गर्नुभयो। लोक सेवा दिवस लोक सेवाका नियम अनि कार्यहरु मूल्याङ्कन साथै लोक सेवकहरुले सामना गर्नुपरी रहेको विभिन्न प्रकारको चुनौतीहरुबारे आत्ममन्थन अनि आत्मनिचन्तन गर्ने दिन पनि हो भन्नुभयो। उहाँले अधिकारी अनि कर्मचारीहरुको समयनिष्ठता, उपस्थिति, प्रस्तावहरुको उचित मस्यौदाको तयार, वित्तीय व्यवस्थापन, स्रोत प्रणालीको समिक्षासहित विभिन्न विषयहरुलाई लिएर गत २० अप्रेलको दिन विभिन्न विभागका विभागप्रमुखसित बैठक आयोजना गरिएको जानकारी दिनुहुँदै सबै विभागप्रमुखहरुलाई राज्य प्रशासनलाई प्रभावकारी ढङ्गमा सञ्चालन गर्नको निम्ति नियमहरु प्रभावकारी ढङ्गमा लागू गर्ने निर्देश दिनुभयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले कार्मिक विभागलाई लोक सेवा दिवस आयोजना गरेबापत बधाई दिनुभयो। यस कार्यक्रमले विभिन्न सेवाका अधिकारीलाई एकै मञ्चमा ल्याएको र एकताको भावना लिएर काम गर्ने माहौल सृजना भएको छ भन्नुभयो। सरकारी कर्मचारी प्रत्येक सरकारको मेरुदण्ड हो भन्नुहुँदै राज्य सरकारले २०१९ स्थापना कालदेखि नै सरकारी कर्मचारीहरुको कल्याणलाई प्राथमिकता दिँदै आएको छ भन्नुभयो। प्रत्येक सरकारी कर्मचारीको काम सरकार अनि आमजनसाधारणमाझ सेतु भएर काम गर्नुपर्छ भन्नुभयो। उक्त अवसरमा उहाँले सरकारी कार्यलयहरुमा समसनिष्ठता उपस्थितिले प्रभावकारी प्रशासनिक पद्धतिको विकास हुनका साथै उत्पादनमा पनि बढी हुने गरेको साथै

*रहल पृष्ठ ३ मा......*

# गेजिङ बजार तथा परिसरको व्यापक सरसफाई




**गेजिङ।**

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको निर्देशअनुसार १९ अप्रेलको दिन गेजिङ बजार तथा यस वरपरका स्थानहरूको व्यापक सरसफाई गरियो। यस अवसरमा गेजिङकी एमईओ भूमिका प्रधान लगायत अग्नीसमन विभाग तथा गेजिङ नगर पञ्चायतका कर्मचारीहरूको उपस्थिति थियो। सरसफाई अभियान गेजिङ नगर पञ्चायत, अग्नीसमन विभाग तथा गेजिङका दोकानदारहरूको सहयोगमा गरिएको हो।

अभियानको उद्देश्य सबैमा सरसफाईको महत्व, अनुशासन, स्वच्छता, पर्यावरणलाई सम्मान तथा स्वच्छ जीवनको बारेमा प्रत्येकलाई जागरू गराउनु हो।

# दिशाको त्रयमासिक सभा सम्पन्न



**नाम्ची।**

जिल्ला विकास समन्वय तथा निगरानी समिति (दिशा)-को त्रयमासिक सभा १९ अप्रेलको दिन ङ्गादक गुम्पामा सम्पन्न भयो। सभालाई सम्बोधन गर्नुहुँदै लोकसभा सांसद इन्द्रहाङ सुब्बाले दिशाअन्तर्गतका विभिन्न योजना र परियोजनाको प्रभावकारी कार्यान्वयन तथा निर्धारित समयमा पूरा गर्नका निम्ति रहने हितधारक तथा सरकारी अधिकारीगणबीचको सुगम तथा प्रभावकारी समन्वयनको महत्त्वमाथि प्रकाश पार्नुभयो। दिशाअन्तर्गतको योजनासित सम्बन्धित जमीन तथा अन्य विषय जस्ता सामान्य मुद्दाको सम्बन्धमा बोल्दै उहाँले यजनाको सुचारू कार्यान्वयनका लागि अधिकारीगणलाई हितधारकहरूसित समन्वय राख्ने सल्लाह दिनुभयो।

उहाँले अधिकारीगणलाई सरकारसित सम्बन्धित विकासमूलक कार्यको कार्यान्वयन गर्दा उत्साहका साथ काम गर्न अनि दक्षताको भावना उत्पन्न गर्न आग्रह गर्नुभयो, ताकि यस प्रकारको जनमुखी कार्यबाट सर्वसाधारणले अत्याधिक लाभ उठाउन सकुन्।

सभामा उपस्थित विभिन्न विभागीय प्रतिनिधिहरूले चालू योजनाबारेमा प्रकाश पार्नुभयो। उनीहरूले योजनासित सम्बन्धित मुद्दाहरू अघि राख्दै योजनाको वर्तमान अवस्थाबारे विस्तृत रूपमा चर्चा गरे। यस अवसरमा मनरेगा, एसबीएम रूरबन क्लस्टर, पीएमएवाई, पीएमजीएसवाई, डीडीयू-जीकेवाई, पीएमकेभीवाई, पीएमईजीपी, पीएमयूवाई, आईपीडीएस, पीएमएफबीवाई, आरकेभीवाई, एनएचएम, राष्ट्रिय राजमार्ग तथा स्मार्ट शहर अभियान आदि जस्ता विषयमा विचार विमर्श गरियो। यस अवसरमा शारीरिक दुरी, मास्कको प्रयोग आदि जस्ता कोभिड १९ प्रोटोकललाई कड़ाइका साथ पालन गरिएको थियो।

# सड़क दुर्घटनामा ज्यान गुमाउने चालकका परिवारलाई अनुग्रह राशी प्रदान

**गान्तोक।**

परिवहन विभाग मन्त्री सञ्जीत खरेलले सड़क दुर्घटनामा परेर ज्यान गुमाउने ६-जना चालकका परिवारलाई अनुग्रह योजनाअन्तर्गत प्रति चालक पाँच हजार रूपियाँको दरले अनुग्रह राहतको चेक हस्तान्तरण गर्नुभयो। वर्ष २०२०-२१ अवधिमा सड़क दुर्घटनामा परेर ज्यान गुमाउने चलकहरूका परिवारलाई अनुग्रह राशी हस्तान्तरण गर्नका निम्ति १९ अप्रेलको दिन यातायात भवनमा सानो कार्यक्रम आयोजन गरिएको थियो।

कार्यक्रममा परिवहन विभाग सचिव पीएन शेर्पा, एसटीए सचिव कर्मानामग्याल भोटिया, पूर्वका आरटीओ रोशन प्रधान लगायत ६-जना स्वर्गीय चालकका परिवारका सदस्यहरूको उपस्थिति थियो। ज्यान गुमाउने चालकहरूमा दक्षिण सिक्किमअन्तर्गत नियामाङजिङका स्व. तुलाराम छेत्री, बेन-नामबुङकी स्व. दिछेन भोटिया, मल्लीका स्व. विशाल दर्जी अनि पूर्व सिक्किमअन्तर्गत लोअस सिच्छेका स्व. जोहन एलिस सुनुवार, रानीपुल बजारका स्व. माकाल तामाङ र लोअस स्यारीका कुमार गिरी रहेका छन्। यस अवसरमा मन्त्री खरेलले कुल तीस लाख रूपियाँको अनुग्रह राशी प्रदान गर्नुभयो। यसका निम्ति लाभार्थीहरूले सरकार साथै विभागप्रति कृतज्ञता व्यक्त गरेका छन्।

## दुई दिवसीय मत्स्यपालन.....

राज्यवासीको अरूलाई सहायता गर्ने प्रवित्ति र शिष्टाचारसित हिड्ने अनुशासन भएको कारण राज्यमा कोरोना भाइरसलाई नियन्त्रण गर्न सक्षम बनेको कुरा बताउनुभयो। विभिन्न स्तरबाट राज्य सरकारले सिक्किमवासीलाई सहयोग पुऱ्याएको अनि कोभिड महामारीले राज्यको विकासलाई रोक्न नसकेको कुरा पनि उहाँले बताउनुभयो।

अहिले कोरोनाको दोस्रो लहरले आतङ्क मच्चाइरहेको छ। हामी सम्पूर्णरूपले यसको सामना गर्न तयार छौं। तथापि, वर्तमानमा बढ्रिहेको खतरालाई हामीले हलुका लिनु हुँदैन। सिक्किम दोस्रो लहरको खतराबाट नियन्त्रणमा छ, तर पनि राज्यवासीले यसलाई हलुका लिनु हुँदैन। सिक्किम सरकारले स्वास्थ्यको क्षेत्रमा धेरै सुविधा उपलब्ध गरेको छ। यहाँ क्यान्सरको उपचारदेखि लिएर डाइलेसिस पनि राज्यमै हुन्छ। यस अतिरिक्त हालै यहाँ सुप्पर स्पेस्यालिस्ट ह्विङ पनि शुरू गरिसकिएको छ, जहाँबाट सम्पूर्ण उपचार सम्भव हुन्छ। यहाँ बहुविशेषज्ञ डाक्टरहरू पनि उपलब्ध छन्। तपाईंहरूले आफ्नै राज्यका डाक्टरहरूलाई विश्वास गरेर उपचार गरिदिने पनि म समस्त राज्यवासीसित आह्वान गर्न चाहन्छु, मुख्यमन्त्रीले भन्नुभयो। उहाँले अत्यन्त आवश्यक नपरेसम्म राज्यवासीलाई राज्य बाहिर नगइदिने पनि अनुरोध गर्नुहुँदै यसो गरेको खण्डमा आफूसहित आफ्नो परिवार पनि सुरक्षित रहने कुरा बताउनुभएको छ। आवश्यक परेर बाहिर गएका राज्यवासीहरू सिक्किम वापस आउँनासाथै आफ्नो परिवारका सदस्य साथै अन्य कोहीसित पनि हेलमेल नगरी आइसोलेसनमा बसिदिने पनि उहाँले आह्वान गर्नुभएको छ।

मेलाको अवसरमा रिगु, बासिलाखा, तिनकिलाखा, पाकिम, सदाम, चौंरीड़ाड़ा, सोक्पे, माङशिला, ठेङ, मार्चक, मेन रङगङ, छोटा सामदोङ, अप्पर रिम्बिक, अप्पर सुम्बुक, श्रीबदामका माछा पालकहरूले विशेष प्रजातिका माछाहरू प्रदर्शनिमा राखेका थिए। यस अघि मुख्यमन्त्री तथा अन्य अतिथिगणद्वारा स्टलहरूको भ्रमण गर्दै माछापालकहरूसित अन्तरक्रिया गरियो। यसरी नै मेलाको समापन समारोहमा मुख्य अतिथि रहेका पशुपालन एवं पशु चिकित्सा सेवा तथा बागवानी विभाग मन्त्री लोकनाथ शर्माले सबै माछा प्रदर्शनकारीहरू तथा विभिन्न वर्गमा उत्कृष्ट प्रदर्शन गर्नेहरूलाई बधाई एवं शुभकामना दिनुभयो। कार्यक्रमको उद्देश्यबारे बोल्नुहुँदै उहाँले भन्नुभयो, माछा खेतीले ग्रामीण अर्थतन्त्रलाई दहिलो बनाउनका साथै सिक्किमलाई स्वनिर्भर राज्य बनाउनमा उल्लेखनीय भूमिका निर्वाह गर्नेछ। उहाँले युवाहरूसित आफ्नो भविष्य विकासको निम्ति माछा खेती तथा अनिय जीविकोपार्जन खेतीको व्यवसायलाई अप्नाउन अपील गर्नुभयो। यस अवसरमा विभिन वर्गमा पाँचवटा उत्कृष्ट प्रदर्शन गर्ने स्टललाई पुरस्कृत गरियो। मुख्य अतिथि लगायत अन्य अतिथिगणद्वारा सम्पूर्ण प्रतिभागीहरूलाई प्रमाणपत्र प्रदान गरियो।

# क्षयरोग हार्नेछ देशले जित्नेछ नामक प्रति विषयमा कार्यक्रम सम्पन्न




**गान्तोक।**

क्षयरोग हार्नेछ देशले जित्नेछ भन्ने प्रतिविषयमा रहेको जिल्ला क्षयरोग फोरममाथि जिल्ला स्वास्थ्य समाज (राष्ट्रिय क्षयरोग उन्मुलन कार्यक्रम), जिल्ला अस्पताल गेजिङद्वारा आयोजित कार्यक्रम १९ अप्रेलको दिन पश्चिम सिक्किमको क्योङसास्थित जिल्ला पञ्चायत भवनमा सम्पन्न भयो।

आफ्नो सम्बोधनमा पश्चिमका अतिरिक्त जिल्लापालले क्षयरोगको खतरालाई नियन्त्रण गर्नका निम्ति आवश्यक सामूहिक पहुँचमाथि जोड़ दिँदै व्यापक रूपमा जनचेतना फैलाउन सम्पूर्ण सम्बन्धित विभागलाई सहभागी बन्ने निर्देश दिनुभयो। उहाँले क्षयरोग अभियानबाट कार्यक्रमको सम्बन्धमा मानिसहरूमाझ प्रभावकारी रूपमा सचेतना जगाउनु पर्छ भन्दै यस अभियानलाई स्वयंसेवीको रूपमा सहभागी बनाउने सुझाउ राख्नुभयो। उहाँले भन्नुभयो, लक्ष्य प्राप्तिको लागि सामुदायिक सहभागिता महत्त्वपूर्ण तत्त्व हो। उहाँले सुझाउ दिँदै भन्नुभयो कि डेटाहरू नियमित रूपमा अपडेट गर्नुपर्छ अनि निम्न स्तरमा सम्बन्धित हितधारकहरूमाझ साझा गरिनुपर्छ। उहाँले क्षयरोग विरूद्ध लड्नका निम्ति रहेका रोकथाम, जाँच, उपचार र कलङ्क जस्ता चारवटा तत्वहरूमाथि जो दिनुभएको छ।

## गान्तोकमा लोक....

यसको दीर्घमियादी लाभ भने राज्यका जनसाधारणलाई नै पुग्नेछ भन्नुभयो। उहाँले विगत दुईवर्षमा सेवानिवृत भएका पूर्व सचिवहरूको उपस्थितिप्रति मुख्यमन्त्रीले खुशी व्यक्त गर्नुभयो। उक्त कार्यक्रममा मुख्यमन्त्रीले आगामी वर्षदेखि प्रतिष्ठित सेवाका लागि सरकार वल्लभभाई पटेल सिभिल सर्भिस अवार्ड प्रदान गरिने, पुरस्कारमा नगद र प्रशंसापत्र प्रदान गरिने घोषणा गर्नुहुँदै उक्त प्रशारणले सरकारी अधिकारीको वार्षिक गोपनीय रिपोर्ट अर्थात एसीआर- मा पनि प्रतिविम्बित गर्दछ भन्नुभयो। यसका साथै भुक्तानीको आधारमा सबै सिक्किम सरकारी अधिकारीहरुको लागि आवासीय फ्ल्याटहरु र यसको निम्ति भूमि अधिग्रहणको खर्चहरु सरकारले बेहोर्ने, भारत र विदेशमा लोक सेवा अधिकारीहरुको निम्ति तालिम अनिवार्य, जिल्ला अधिकारीहरुलाई कानूनी र अपराधिक प्रकृयाहरुबारे तालिम दिने घोषणाहरु गर्नुभयो। जनसाधारणको हीत अनि सुविधालाई ध्यानमा राख्दै आवासीय प्रमाण पत्र, डोमिसीयल, पर्चा आदि दस्तावेज बनाउनको निम्ति अनलाइनको सुविधा उपलब्ध गराउनुपर्ने, जनसाधारणले घर बसीबसी यी दस्वेजहरु आवेदन गर्ने र तयार भए पश्चात उनीहरुको घरसम्म पुऱ्याउने व्यवस्था बनाउनको निम्ति जिल्लापाल अनि खण्ड विकास अधिकारीलाई यस कार्यको निम्ति योजना तयार गर्ने निर्देश पनि दिनुभयो। मुख्यमन्त्रीले विभागप्रमुख अनि सम्बन्धित विभागहरुलाई योजना सहमतिको निम्ति योजना तथा विकास विभाग र वित्त विभागलाई स्पस्ट र विस्तृत प्रस्ताव पठाउने निर्देश दिनुभयो। योजना र वित्त विभागहरुलाई ती प्रस्ताव र फाइलहरु प्राप्त भएको १० दिन भित्रमा फाइलको काम गरिसक्ने निर्देश पनि दिनुभयो। यदि कुनै विषयवश ती फाइलका कामहरु १० को समयावधिभित्रमा पूरा हुन नसकेमा मुख्य सचिवको अध्यक्षतामा बैठक गरी शीघ्र समाधान गर्ने निर्देश पनि दिनुभयो।

उक्त कार्यक्रममा उत्कृष्ट कार्य गर्ने विभागहरुलाई सम्मान पनि जनाइयो जसमा बेस्ट क्याबिनेट मेमोको निम्ति खाद्य एवं नागरिक आपूर्ति विभाग र ई-अफिस एण्ड टास्क म्यानेजमेन्ट सिस्टमको निम्ति आइटी विभागलाई चयन गरिएको थियो। यसरी नै देश कै श्रेष्ट सातौं पुलिस स्टेशन चयन भएकोमा पाकिम पुलिस थानालाई पनि सम्मान जनाइयो।

# एक मईदेखि १८ वर्षमाथिलाई खोप लगाइने

**नयाँ दिल्ली।**

देशमा १ मई तारिकदेखि १८ वर्षको उमेरदेखि माथिका सबैलाई कोभिड खोप लगाइनेछ। केन्द्र सरकारले कोभिड टीकाकरणको नीतिलाई अझ द्रुत बनाउने तेस्रो चरणो रणनीतिको घोषणा गरेको छ। प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा १९ अप्रेका दिन बसेको बैठकको समयमा यो फसेला लिइएको हो। यस चरणमा पहिलाझैं सरकारी टीकाकरण केन्द्रहरूमा स्वास्थ्यकर्मी, अग्रिम पङ्क्तिका कर्मचारी तथा ४५ वर्षदेखि बढ़ी उमेरका सबै मानिसहरूको टीकाकरण जारी रहनेछ।

रहल पृष्ठ ३ मा......

# कोभिड-१९ खोप: बारम्बार सोधिने प्रश्नहरू कोभिड-१९ विरूद्धको खोपको बारेमा सामान्य जानकारी

**१. के मैले कोभिड-१९ अर्थात कोरोना भाइरस रोग विरुद्धको खोप लिन जरुरी छ ?**

यो खोपले कोरोना भाइरस रोग लाग्नबाट हामीलाई बचाउँछ । खोप लगाइसकेपछि यो रोग लागिहालेमा पनि गम्भीर बिरामी हुनबाट बचाउँछ । साथै, यो खोप लगाएपछि, तपाईंबाट अरुलाई कोरोना भाइरसको संक्रमण हुनबाट जोगाउँछ।

**२. के कोरोना भाइरस रोग निको भएकाले पनि यो खोप लगाउनुपर्छ ?**

पर्छ । विश्व स्वास्थ्य संगठनका अनुसार, कोरोना भाइरसको संक्रमण भएर निको भएकालाई पनि फेरी यो संक्रमण हुन सक्ने हुनाले खोप लगाउनुपर्छ । संक्रमण निको भएपछि बन्ने एन्टिबडी शरीरमा कति लामो समयसम्म रहन्छ भन्ने यकिन/थाहा नभएकोले पनि सबैले खोप लगाउनुपर्छ ।

**३. यो खोप कुन उमेर समूहलाई दिइन्छ ?**

भारत सरकारले तोकेको प्राथमिकताको आधारमा चरणबद्ध रुपमा यो खोप ४५ वर्षभन्दा माथिका सबैलाई तोकिएका सरकारी स्वास्थ्य संस्था वा खोप केन्द्रबाट निशुल्क दिइन्छ ।

**४. के यो खोप लिएपछि फेरी कोरोना भाइरसको संक्रमण हुन्छ ?**

हुन सक्छ । यो खोप लिएपछि पनि केहि व्यक्तिहरुमा कोरोना संक्रमण हुन सक्छ । तर खोप लिएपछि कोरोना संक्रमण भएतापनि यसबाट गम्भीर बिरामी पर्ने सम्भावना निकै कम हुन्छ । त्यसैले खोप लिएपछि पनि भिडभाडमा नजाने, मास्कको अनिवार्य प्रयोग, अर्को व्यक्तिसँग २ मिटर दुरी कायम गर्ने तथा बेलाबेलामा साबुन पानीले हात धुनेजस्ता स्वास्थ्य सुरक्षाका मापदण्डहरूको पालनालाई निरन्तरता दिनुपर्छ ।

**५. यो खोप कहाँ लगाउन पाईन्छ ?**

यो खोप तोकिएका सरकारी स्वास्थ्य संस्था वा खोप केन्द्रहरूबाट निशुल्क दिइन्छ ।

**६. यो खोप कसले लगाउनु हुँदैन ?**

- यो खोपको पहिलो मात्रा लिएपछि गम्भिर एलर्जी (एनाफाइलेक्सिस् प्रतिक्रिया) भएको व्यक्तिहरूले
- यसभन्दा अघि अरु कुनै खोप वा औषधिसँग गम्भिर एलर्जी (एनाफाइलेक्सिस्) प्रतिक्रिया भएको
- गर्भवती महिलाहरूलाई
- यसका साथै १८ वर्ष मुनिका बालबालिकामा यो खोपको अनुसन्धान भइरहेकोले हाललाई यो समूहलाई खोप सिफारिश गरिएका छैन

**७. कुन कुन स्वास्थ्य समस्या भएकाहरूले यो खोप लिन हुन्छ?**

- दीर्घरोग जस्तै- मुटु, मस्तिष्क, फोक्सो सम्बन्धी रोग, मृगौला रोग, मधुमेह (सुगर) शिकलसेल एनिमिया र क्यान्सर रोग भएका
- रोग प्रतिरक्षा कमी भएका वा रोग प्रतिरक्षा कमि गर्ने औषधि सेवनकर्ताहरू
- एच.आई.भि. भएका यस्ता स्वास्थ्य समस्या भएकाहरूले यो खोप लिनु झनै आवश्यक छ । कोरोना भाइरसको संक्रमण भएमा यस्ता स्वास्थ्य समस्या भएकाहरू बिरामी हुने सम्भावना बढी भएकाले पनि उनीहरुले यो खोप लिन जरुरी छ ।

**८. यो खोप कत्तिको सुरक्षित छ ?**

सुरक्षित छ । यो खोप विश्व प्रसिद्ध अक्सफोर्ड विश्वविद्यालय र एस्ट्राजेनिकाले बृहत् वैज्ञानिक अनुसन्धानबाट विकास गरिएको हो । विश्व स्वास्थ्य संगठनले यो खोप आकस्मिक प्रयोगको लागि सिफरिस गरिसकेको छ ।

**९. यो खोपको कति मात्रा लगाउनुपर्छ ?**

यो खोपको दुई मात्रा लगाउनुपर्छ । पहिलो मात्रा लगाएको ८ हप्ता पूरा भएपछि १२ हप्ता भित्र दोस्रो मात्रा लगाउनु पर्दछ ।

**१०. यो खोप लगाएपछि के के असरहरू देखिन सक्छन् ?**

कोभिड-१९ खोप लगाएका केही मानिसहरूमा अन्य खोपहरू लगाउँदा जस्तै सामान्य असरहरू देखिन सक्छन् । यसका सामान्य असरहरूमा खोप लगाएको ठाउँमा सुन्निने, दुख्ने वा रातो हुनसक्ने, टाउको दुख्ने, ज्वरो आउने, जिउ दुख्ने, थकान वा आलस्य महशुस हुने, वाकवाकी लाग्ने, मांशपेशी वा जोर्नी दुख्ने, वान्ता आउने, आदि रहेका छन् । यस्ता सामान्य असरहरू विस्तारै ठिक भएर जान्छन् ।

**११. के यो खोपको पहिलो मात्रा लगाएपछि नै हामी सुरक्षित हुन्छौं ?**

पूर्ण रुपले सुरक्षित हुन दोस्रो मात्रा पनि लगाउनैपर्छ ।

**१२. यो खोपले कति समयसम्म सुरक्षा प्रदान गर्छ ?**

खोपको कारणले वृद्धि भएको प्रतिरोधात्मक क्षमता कति समयसम्म रहन्छ भन्ने अझैपनि यकिन भएको छैन ।

**१३. के यो खोप अभियानले नियमित खोप सेवालाई कुनै प्रभाव पार्छ?**

पार्दैन । यो खोप लगाउने समयमा पनि बालबालिका र गर्भवती महिलाहरूलाई दिइने खोप सेवा नियमित चलिरहन्छ ।

**१४. खोप सेवाका बारेमा थप जानकारी कहाँबाट पाउन सकिन्छ ?**

आफ्नो क्षेत्रमा रहेका स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा आमसञ्चारका माध्यमहरू मार्फत कोरोना भाइरस रोग विरुद्धको खोप कहाँ, कहिले, कसरी र कसले पाउन सकिन्छ भन्ने जानकारी पाइन्छ । यदि तपाईं खोप पाउने प्राथमिकिकरणमा पर्नु भएको छ भने, समूह अनुसारको सूचिमा आफ्नो नाम भए नभएको स्वास्थ्य संस्था वा नगरपालिका वा गाउँपालिकामा गई यकिन गर्नुहोस् ।

**१५. के खोप लगाएपछि पनि जनस्वास्थ्यका मापदण्डहरु नियमित रुपले पालना गर्नु पर्छ ?**

कोरोना खोप लगाएपछि स्वास्थ्य सुरक्षाका अभ्यासहरूः दुरी कायम गर्ने, मास्कको अनिवार्य प्रयोग गर्ने र बेलाबेलामा साबुन पानीले मिचिमिचि हात धुने व्यवहारहरूको नियमित पालना गर्नैपर्छ । (साभार-युनिसेफ)

# मुख्यमन्त्रीद्वारा सुपर स्पेस्यालिटी प्रकोष्ठको उदघाटन



**गान्तोक।**

राज्यमा स्वास्थ्य क्षेत्रको विकासमा धेरै कामहरु भइ रहेको छ। जनसाधारणको स्वास्थ्यलाई ध्यानमा राख्दै विभिन्न सुविधाहरु जडान गर्ने कामहरु हुँदै आएको छ। यसैक्रममा मुख्यमन्त्री प्रेमसिंह तामाङले १७ अप्रेलको दिन सोचेकगाङ एसटीएनएम अस्पतालमा निजी कम्प्लेक्स, संलग्न भवन अनि सुपर-स्पेस्यालिटी प्रकोष्ठको उदघाटन गर्नुभयो। राज्यमा स्वास्थ्य क्षेत्र सुधार गर्न तथा मानिसहरूलाई विश्व स्तरीय सुविधा प्रदान गर्न राज्य सरकारले अथक प्रयास गरिरहेको छ। सुपर स्पेस्यालिटी प्रकोष्ठमा ग्यास्ट्रोइन्टिरोलोजी, शिशु रोग शल्यक्रिया, युरोलोजी, प्लास्टिक रिकन्स्ट्रक्टिभ तथा बर्न युनिट, न्यूरोसर्जरी अनि सर्जिकल अङ्कोलोजी रहेको छ। सो अवसरमा मुख्यमन्त्रीले चिकित्सा अधीक्षक, विभागीय प्रमुखहरू अनि डाक्टरहरूसित अन्तरक्रिया गरी प्रत्येक विभागमा स्थितिको आकलन गर्नुभयो। सबैले अस्पताललाई अझ प्रभावशाली बनाउन यसको सुधारमाथि ध्यान दिएर काम गरिरहेको मुख्यमन्त्रीलाई अवगत गरियोए।

# पुनर्वास केन्द्र र वृद्धाश्रमको सञ्चालनमाथिका विषयबारे सभा सम्पन्न

**गान्तोक।**

सामाजिक न्याय एवं कल्याण विभागद्वारा १६ अप्रेलको दिन स्वास्थ्य एवं परिवार कल्याण विभागको सम्मेलन कक्षमा आयोजित सभाको विभागीय मन्त्री डा. एमके शर्माले अध्यक्षता गर्नुभएको थियो। किचुडुम्रामा स्थापित नशामुक्त तथा पुनर्वास केन्द्र अनि नाम्चीमा रहेको वृद्धाश्रमको सञ्चालन अनि प्रबन्धनसित सम्बन्धित विभिन्न विषयलाई लिएर सभा सम्पन्न भएको थियो।सभामा मन्त्रीसित सामाजिक न्याय एवं कल्याण विभाग सचिव छेवाङग्याछो, कौशल विकास विभाग सचिव गङ्गा प्रधान, दक्षिणका जिल्लापाल एम भरनी कुमार, पुलिस अधीक्षक ठाकुर थापा, निदेशक (स्वास्थ्य) कार्यक्रम निदेशक (एसएडीए) डा. टेकेन्द्र राई, मनोरोग विभाग प्रमुख डा. सीएस शर्मा अनि एसओपी, मानसिक स्वास्थ्य डा. मदनमनी ढकाल आदिको उपस्थिति थियो। सभामा सिक्किम उच्च न्यायालय तथा सिक्किम राज्य कानूनी सेवा प्राधिकरणका प्रतिनिधिहरू भिडियो सम्मेलनको माध्यमबाट जोडिएका थिए।सभालाई सम्बोधिन गर्दै मन्त्री डा. ढकालले भन्नुभयो, किचुडुम्रामा स्थापित नशामुक्त तथा पुनर्वास केन्द्र अनि नाम्चीमा रहेको वृद्धाश्रमको प्रभावकारी सञ्चालनका लागि निर्देशिका तथा नीति तयार पार्न अत्यन्त आवश्यक रहेको छ, जसको समग्र पहुँचका लागि विभिन्न विभाग तथा हितधारकहरूको समन्वय र सहयोग आवश्यक हुन्छ। उहाँले अघि भन्नुभयो, सभाले केन्द्रको लक्ष्यसित सम्बन्धित सबै पक्षलाई समेट्नुपर्छ, जसमा राज्य र केन्द्र सरकार दुवैतर्फबाट स्थापित विभिन्न मड्युलको अनुकुलन पनि सामेल छ।वृद्ध-वृद्धा, विकलाङ्ग तथा नशामुक्तसित सम्बन्धित क्षेत्रको बारेमा कुरा गर्दै उहाँले यस क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था (एनजीओ)-हरूसित आफ्नो संगठनको उद्देश्यलाई ध्यान दिँदै उचित मानवशक्ति प्रबन्धन तथा अत्याधिक पहुँचका साथ आफ्नो निस्वास्थ समर्पणलाई निरन्तरता दिन प्रोत्साहित गर्नुभयो। उहाँले एनजीओ-हरूलाई अनुदान सहायता प्राप्त गरेकोमा बधाई दिँदै भन्नुभयो, समाजको विकासमा रहेको उनीहरूको प्रयासलाई राज्य सरकारले स्वीकार गरेको छ।सभामा राखिएको खुल्ला बहसमा लाईन विभागका अधिकारीगणले किचुडुम्रामा नशामुक्त केन्द्र तथा नाम्चीमा वृद्धाश्रमको सञ्चालन तथा प्रबन्धनका लागि आफ्नो विचार तथा सूझाउहरु राखे। चर्चाको अवसरमा केन्द्रमा रहने मानिसहरूलाई सम्बोधन गरिने कैदीको शब्दलाई उनीहरूको आत्मसम्मान तथा मर्यादाका लागि परिवर्तन गरेर निवासी गर्ने सुझाउ पनि राखियो।यस अवसरमा मन्त्री डा. एमके शर्माले गान्तोकको जाग्रिती एसएचजी, पूर्व सिक्किमको दृष्य फाउण्डेशन, पूर्व सिक्किमअन्तर्गत ताथाङचेनको स्वतन्त्र परिवार पुनर्वास केन्द्र, सामदोङ कम्बल, पूर्व सिक्किमको कल्पतरू प्रतिष्ठान, मायाल्मु, हाफ वे होम, गान्तोक, नवद्विप क्लब, लुङसुङगाउँ, योक्सम, पश्चिम सिक्किम, वृद्धाश्रम, जालीपुल, पूर्व सिक्किम, रञ्जीवनी रिहेब केन्द्र, नामथाङ, दक्षिण सिक्किम, सिक्किम पुनर्वास तथा डिटक्सिफिकेसन केन्द्र, निमटार, पूर्व सिक्किम, सिक्किम विकलाङ्ग सहायता समिति संघ, टोकल बर्मेक, दक्षिण सिक्किम, सयपत्री संघ, अप्पर सदाम, दक्षिण सिक्किम, सेरिनिटि होम, बर्मेक, पूर्व सिक्किम, वरिष्ठ नागरिक समाज, सिक्किम, डाँडागाउँ, तादोङ, पूर्व सिक्किम अनि तिनतेक, लिअल संघ, राकदोङ, तिनतेक, पूर्व सिक्किम गरी चौधवटा गैर सरकारी संघलाई अनुदान सहयोग प्रदान गर्नुभयो।यसअघि कार्यक्रममा स्वागत सम्बोधन राख्दै विभागका सचिव छेवाङ ग्याछोले विभिन्न गतिविधिका लागि आवश्यक संसाधन, कौशल प्रशिक्षण, सुरक्षा तथा परिचालनमाथि प्रकाश पार्नुभयो, जसबाट यी केन्द्रका निवासीहरूलाई विश्वको मुख्यधारमा समायोजित हुनमा सहयोग मिल्नेछ।

सिक्किम सरकारको सूचना तथा जन-सम्पर्क विभागद्वारा प्रकाशित तथा सिक्किम सरकारी छापाखाना तादोङ गान्तोकमा मुद्रित। दूरभाषः २३११४०,२३११३२,२३११४२।
S.G.P.G - 371 / Nepali Herald 2500 Cps. 23. 04 2021